बन्दिपुर गाउँपालिका

# कार्यपालिका बैठक माइन्युट

| मितिः २०८३।०२।२७<br>बुधबार | बैठक संख्याः १८ (आर्थिक वर्ष २०८२।०८३) |
|---|---|
| अध्यक्षता | श्री पञ्चमाया गुरूङ, कार्यबाहक गाउँपालिका अध्यक्ष |

| क्र. स. | नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १. | पञ्चमाया गुरूङ | का.बा अध्यक्ष एवं उपाध्यक्ष | |
| २. | शिवकुमार श्रेष्ठ | १ नं वडा अध्यक्ष | |
| ३. | तिलक बहादुर कुँवर | २ नं वडा अध्यक्ष | |
| ४. | परमेश्वर भट्टराई | ३ नं वडा अध्यक्ष | |
| ५. | दान बहादुर थापा | ४ नं वडा अध्यक्ष | |
| ६. | ध्रुव प्रसाद लामिछाने | ५ नं वडा अध्यक्ष | |
| ७. | वल बहादुर गुरुङ | ६ नं वडा अध्यक्ष | |
| ८. | कौशिला परियार वि.क. | कार्यपालिका सदस्य | |
| ९. | दमयन्ती थापा मगर | कार्यपालिका सदस्य | |
| १०. | उमा घर्ती | कार्यपालिका सदस्य | |
| ११. | हरी माया वि. क. | कार्यपालिका सदस्य | |
| १२. | मिन राम परियार | कार्यपालिका सदस्य | |
| १३. | जीवन भुजेल | कार्यपालिका सदस्य | |
| १४. | कमल बहादुर के.सी. | सदस्य-सचिव | |

एजेन्डाहरू:

| सि.नं. | एजेन्डाको संक्षिप्त विवरण |
|---|---|
| १. | अघिल्लो बैठकको समीक्षा। |
| २. | बन्दीपुर भ्रमण वर्ष २०२५ कार्यक्रम सहयोग सम्बन्धमा। |
| ३. | छैठौं बन्दीपुर महोत्सव २०८२ सम्बन्धमा। |
| ४. | बन्दीपुर गाउँपालिका राजस्व व्यवस्थापन ऐन, २०८३ सम्बन्धमा। |
| ५. | निजी जग्गा व्यवस्थापन ढुङ्गा गिटी बालुवा माटो आदि उत्खनन सङ्कलन ऐन, २०८३ |
| ६. | बन्दीपुर गाउँपालिका विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०८३ सम्बन्धमा |
| ७. | विनोजित योजनाहरू कोटेशनबाट सञ्चालन गर्ने सम्बन्धमा। |
| ८. | बन्दीपुर गाउँपालिकाको कन्टेन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धि कार्यविधि, २०८३। |
| ९. | "घ" बर्गको निर्माण व्यवसायी ईजाजत सम्बन्धी ब्यबस्था गर्न बनेको नियमावली, २०७५ को पहिलो संशोधन, |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

पञ्चमाया गुरुङ
उपाध्यक्ष
का.वा.अध्यक्ष

CamScanner

| | |
|---|---|
| १०. | बारुण यन्त्र संचालन तथा मर्मत सम्बन्धमा। |
| ११. | बन्दिपुर हाटबजार निर्माणको भुक्तानी सम्बन्धमा । |
| १२. | बन्दीपुर गाउँपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सिफारिस समिति गठन सम्बन्धमा। |
| १३. | छुट कित्ताको जग्गा वर्गीकरण सम्बन्धमा। |
| १४. | आर्थिक सहायता सम्बन्धमा। |
| १५. | कार्यविधि संशोधन सहित पारित सम्बन्धमा। |
| १६. | कन्टिन्जेन्सी रकम व्यवस्थापन सम्बन्धी कार्यविधि पारित सम्बन्धमा। |
| १७. | एन.आई.सी एशिया बैंकलाई पत्राचार सम्बन्धमा। |
| १८. | शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा। |
| १९. | सेतो गुराँस बालविकास कार्यक्रम सँचालन सम्बन्धमा। |
| २०. | उपभोक्ता समितिबाट संचालित योजनाहरुको म्याद सम्बन्धमा। |
| २१. | बन्दीपुर आबास कार्यक्रम सम्बन्धमा। |
| २२. | कोल्ड स्टोरको म्याद थप तथा भुक्तानी सम्बन्धमा। |
| २३. | सर्वोच्च अदालत र तनहुँ जिल्ला अदालतका न्यायधिश आउदाको खर्च भुक्तानी सम्बन्धमा। |

**बन्दिपुर गाउँपालिका**

**कार्यपालिका बैठकका निर्णयहरु:-**

**मिति:-२०८३/०२/२७**

| नि.न. | विषय क्षेत्र/एजेण्डाहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १. | अघिल्लो बैठकको समीक्षा। | अघिल्लो बैठकको निर्णय उपर छलफल गरि कार्यान्वयनको अवस्थाको समीक्षा गरियो। |
| २. | बन्दीपुर भ्रमण वर्ष २०२५ कार्यक्रम सहयोग सम्बन्धमा। | बन्दीपुर गाउँपालिकाको गाउँ सभाबाट आ.ब.२०८२/८३ मा रु.१००००००/- दश लाख बिनियोजन गरेकोले बन्दीपुर भ्रमण बर्ष सचिबालयले पेश गरेको खर्चको बिल अनुसारको रकम भुक्तानी दिने निर्णय गरियो। |
| ३. | ठेक्काहरुको म्याद थप सम्बन्धमा। | बन्दीपुर गाउँपालिकामा संचालित तपसिलका ठेक्काहरुको म्याद थपको लागि निबेदन दिएकोले निम्न बमोजिम कायम हुने गरी म्याद थप गर्ने निर्णय गरियो। (विवरण तालिका नं. १ मा संलग्न छ) |
| ४. | आ.ब. २०८२/८३ मा विनियोजित योजनाहरु कोटेशन मार्फत संचालन गर्ने | वन्दीपुर गाउँपालिका अन्तर्गत गाउँ सभाबाट विनियोजित तपशिलका योजनाहरु कोटेशन मार्फत संचालन गर्ने निर्णय गरियो।<br>तपशिल:-<br>(१.) तल्लो गाउँ बरथुम्की खा.पा. रु. ११००००-/ (एक लाख दश हजार)<br>(२.) मिलिजुली आमा समुह भवन वडा नं. २ रकम रु. ५०००००/- (पाच लाख)<br>(३.) भानु मा.बि., वडा नं.२ रु.५०००००/-(पाच लाख) |
| ५. | बन्दीपुर हाटबजार निर्माणको भुक्तानी सम्बन्धमा । | चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.१० बस्ने गोकुल कुमार श्रेष्ठको छोरी बिष्णु कुमार श्रेष्ठको पत्नी सुमित्रा श्रेष्ठको नाममा साबिक बन्दिपुर गा.बि.स. वडा नं. २ हाल बन्दीपुर गाउँपालिका वडा नं. २ मा रहेको निजको एकलौटी हकभोगको जग्गा कि.न. ३/ङ |

कमल बहादुर के.सी.
प्रशासकीय अधिकृत

का.पा. अध्यक्ष

| | | |
|---|---|---|
| | | ७७ क्षेत्रफल ४-१५-२-० जग्गामा बन्दीपुर गाउँपालिकासँग मिति २०७४ साल फागुन १० गते २०७५/१/१ बाट लागु हुने गरि २०८९ साल (१५ बर्ष) सम्म बसपार्क सन्चालन गर्ने प्रयोजनार्थ भाडामा लिने गरि करार सम्झौता गरि प्रयोग गर्दै आएकोमा बन्दीपुर गाउँपालिकाको गाउँ सभाबाट आ.ब.२०८२/८३ मा सोहि जग्गामा बन्दीपुर हाटबजार निर्माणको लागि भनि रु. १३०००००/- तेह लाख बजेट बिनियोजन भैइ निर्माण कार्य समेत सम्पन्न भइ गाउँपालिकाको गाउँपालिका स्तरीय अनुगमन समितिबाट अनुगमन भइ अनुगमन प्रतिबेदन समेत पेश भएको र गाउँपालिका पदाधिकारीहरुबाट समय समयमा निरिक्षण गरेको अवस्था रहेको र निर्माण सम्पन्न पश्चात योजना तथा प्राबिधिकबाट प्राबिधिक मुल्यांकन सहित भुक्तानीका लागि पेश भएकोमा व्यक्तिको निजि जग्गा भएकोले निज जग्गा धनिसँग आपसी समन्वय गरि सरकारी सम्पत्तिको हानि नोक्सानी हुन नदिने गरि सो निर्माण संरचना गाउँपालिकाले प्रयोग गरि राख्न वा सो को स्वामित्व गाउँपालिका आफैले लिने गरि बन्दीपुर हाटबजार निर्माण उपभोक्ता समितिलाइ भुक्तानी गर्ने निर्णय गरियो। साथै सरकारी सम्पत्तिको संरक्षण गर्न गाउँ सभाबाटै आबश्यक उचित निर्णय गर्नको लागि आगामी गाउँ सभामा प्रस्ताब पेश गर्ने निर्णय गरियो। |
| ६. | बारुण यन्त्र संचालन तथा मर्मत सम्बन्धमा। | बन्दीपुर गाउँपालिका कार्यपालिकाको मिति २०८३/१/२८ को निर्णय अनुसार गाउँपालिकाको बारुण यन्त्र मर्मत गर्न हेटौडा लगिएको र बारुण यन्त्र संचालन तथा मर्मत शिर्षकमा रु.५०००००/- (पाच लाख) मात्र बजेट बिनियोजन भएको र का .बा.अध्यक्ष एबं उपाध्यक्ष पन्चमाया गुरुङको नेतृत्वमा वडाध्यक्ष, कर्मचारी भई हेटौडामा गई अनुगमन, निरीक्षण गर्दा उक्त रकमले मात्र बारुण यन्त्र मर्मत सम्पन्न हुन नसक्ने हुदाँ लागत इस्टमेट बमोजिम थप हुने रकम रु.८००००/- असि हजार सवारी साधन मर्मत (पुँजीगत) शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो। |
| ७. | बन्दीपुर गाउँपालिकाको संगठन तथा व्यवस्थापन (O&M) सिफारिस समिति गठन सम्बन्धमा। | बन्दीपुर गाउँपालिकाको विद्यमान संगठन संरचना, दरबन्दी, कार्यबोझ, सेवा प्रवाह र मौजुदा जनशक्तिको बिश्लेषण एबं आवश्यक पर्ने जनशक्ति/दरबन्दी आवश्यकताको अध्ययन, थप हुन् आउने तलब भत्ता लगायतका सुबिधाको खर्च र त्यस्तो खर्च बेहोर्ने स्रोत समेतको सुनिश्चित हुने गरि दरबन्दी निर्धारण तथा प्रस्तावित संगठन संरचना र तेरिजको प्रस्ताब तयार गरी संगठन तथा व्यवस्थापन (O&M) सर्वेक्षण प्रतिवेदन तयार गर्न देहाय बमोजिमको समिति गठन गर्ने निर्णय गरियो।<br>**संयोजक:** प्रमुख प्रशासकीय अधिकृत<br>**सदस्यहरू:**<br>प्रमुख / मे.सु.डा.श्री अनिल गिरी<br>वडाध्यक्ष, वडा नं.१ श्री शिव कुमार श्रेष्ठ<br>वडाध्यक्ष, वडा नं. ५ श्री ध्रुव प्रसाद लामिछाने<br>प्रमुख, आर्थिक प्रशासन शाखा श्री निरमाया पुरी गिरी<br>प्रमुख, शिक्षा शाखा श्री भिम प्रसाद लामिछाने<br>प्रमुख, योजना तथा अनुगमन शाखा श्री दिनेश पौडेल<br>प्रमुख, शाखा स्वास्थ्य श्री किरण श्रेष्ठ<br>**सदस्य सचिब :** |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

का.वा.अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| | | प्रमुख, प्रशासन शाखा श्री गिर बहादुर राना |
| ८. | छुट कित्ताको जग्गा वर्गीकरण सम्बन्धमा। | भू- उपयोग परिषद बाट निर्णय भई आएका छुट कित्तागत वर्गीकरण भू - उपयोग ऐन,२०७६, भू-उपयोग नियमावली २०७९ र बन्दीपुर गाउँपालिकाको भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धित मापदण्ड तथा आधारहरु २०७९ अनुसार बन्दीपुर गाउँपालिका क्षेत्र भित्र पर्ने छुट कित्ता जग्गाहरुलाई कित्तागत रुपमा वर्गीकरण गरिएकोले यस वर्गीकरण सम्बन्धित निकायहरुलाई पठाउने साथै स्थानीय राजपत्रमा प्रकाशित गर्ने निर्णय गरियो। |
| ९. | आर्थिक सहायता सम्बन्धमा। | (१.) बन्दीपुर गाउँपालिका वडा नं .५ निवासी इमनाथ गोतामेको श्रीमती सावित्री गोतामेको मुटुको अप्रेशन गर्नु पर्ने भएकोले रु.३००००/-(तिस हजार) आर्थिक सहायता गर्ने निर्णय गरियो।<br>(२.) बन्दीपुर गाउँपालिका वडा नं .२ निवासी मोहन बानिया क्षेत्रीको मिति २०८३/१/९ गते चट्याङ र हावा हुरीले धन्सारमा क्षति गरेकोले रु.१००००/-(दश हजार) आर्थिक सहायता गर्ने निर्णय गरियो।<br>(३.) बन्दीपुर गाउँपालिका वडा नं. १ निवासी तिल बहादुर सुनारको श्रीमती इश्वरी सुनारलाई पाठेघरको क्यान्सर भई उपचारत रहनुभएको हुदाँ रू. १५००० (पन्ध्र हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।<br>(४.) बन्दीपुर गाउँपालिका वडा नं. १ निवासी शंकर वि.कलाई मृगौलाको समस्या भई उपचारत रहनुभएको हुदाँ रू. १५००० (पन्ध्र हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।<br>(५.) बन्दीपुर गाउँपालिका वडा नं. ५ निवासी बिमला कामी विगत लामो समयदेखी बिरामी परेकोले निजलाई रू.१००००/-(दश हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।<br>(६) बन्दीपुर गाउँपालिका वडा नं. ३ निवासी शमशेर बहादुर खत्री क्षेत्रीको मिति २०८३/०१/११ परेको वर्षा र हावाहुरीले बस्दै आएको घरको छाना उडाएकाले घर मर्मत गर्नका लागि रू.१००००/-(दश हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।<br>(७.) बन्दीपुर गाउँपालिका वडा नं. ५ निवासी बोध प्रसाद लामिछाने विगत १ वर्षदेखि क्षयरोगले ग्रसित भएकोले निजको औषधी उपचारको लागि रू. १५०००/- (पन्ध्र हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।<br>(८.) बन्दीपुर गाउँपालिका वडा नं. ५ निवासी हिम प्रसाद वस्तीको रूखबाट लडी ढाड भाचिएकोले उपचारका लागि रू.१५०००/- (पन्ध्र हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।<br>(९.) बन्दीपुर गाउँपालिका वडा नं. २ निवासी क्षेत्र बहादुर कार्कीको २०८३/०१/०९ गते परेको वर्षा र हावाहुरीले बस्दै आएको घरको छाना उडाएकाले घर मर्मत गर्नका लागि रू . १००००/-(दश हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।<br>(१०.) प्रदेश खेलकुद परिषद गण्डकी प्रदेशको प्रवर्द्धन तथा नेपाल कराते महासंघ गण्डकी प्रदेशको आयोजनामा मिति २०८३/०३/०५ देखी ०७ सम्म यस बन्दीपुर गाउँपालिकामा आयोजित प्रदेश स्तरीय कराते प्रतियोगिताको लागि **अध्यक्ष कप फुटवल, भलिवल, व्याडमिन्टन तथा अन्य खेलकुद समेत शिर्षकबाट** रू. ५०,०००/-(पचास हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो। |

प्रमुख प्रशासकीय अधिकृत

का.वा.अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| | | (११) बन्दीपुर गाउँपालिका वडा नं. १ निवासी कृष्ण सुनार मृगौला पिडित बिरामी भएकोले रु.३००००/- (तिस हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो। (१२.) दलित एकता समाज, बन्दिपुर -३ दलित अधिकार सम्बन्धी अभिमुखीकरण कार्यक्रम मनाउदा भएको खर्च बापत रु.१२०००/-(बाह्र हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो। (१३.) बन्दीपुर जनजागरण, समाज बन्दीपुर ले नागरिक अधिकार बिषयमा अभिमुखीकरण प्रशिक्षण कार्यक्रम संचालन गरेको र उक्त प्रशिक्षण कार्यक्रमलाई रु. १२०००/-(बाह्र हजार) आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो। |
| १०. | कार्यविधि संशोधन सहित पारित सम्बन्धमा। | बन्दीपुर गाउँपालिकाको तालिम,गोष्ठी, कार्यशाला, अध्ययन भ्रमण एवं पदाधिकारी तथा कर्मचारी सुविधा सम्बन्धी कार्यविधि,२०७६ (पहिलो संशोधन २०८३) सर्वसम्मत पारित गर्ने निर्णय गरियो। |
| ११. | कन्टिन्जेन्सी रकम व्यवस्थापन सम्बन्धी कार्यविधि पारित सम्बन्धमा। | बन्दीपुर गाउँपालिकाको कन्टिन्जेन्सी रकम व्यवस्थापन र खर्च सम्बन्धी कार्यविधि-२०८३ लाई सर्वसम्मत पारित गर्ने निर्णय गरियो। |
| १२. | एन.आई.सी एशिया बैंकलाई पत्राचार सम्बन्धमा। | बन्दीपुर गाउँपालिकाले विगत लामो समयदेखी एन.आई.सी एशिया बैंक मार्फत गाउँपालिकाको सम्पूर्ण कारोवार गरिरहेको सन्दर्भमा हाल एन.आई.सी एशिया बैंक, बन्दीपुर एक्सटेन्सन काउन्टरबाट खाता खोल्ने, चेक वितरण जस्ता कार्य नभएको कारण उपभोक्ता समितको खाता संचालन, वृद्धा भत्ताको लागि चेकबुक वितरण लगायतका कार्यहरूमा समस्या परेकोले एन.आई.सी एशिया बैंकलाई उक्त सेवाहरु सुचारु गर्न पत्राचार गर्ने निर्णय गरियो। |
| १३. | शिक्षा समितिको निर्णय अनुमोदन सम्बन्धमा। | (१.) यस बन्दीपुर गाउँपालिका अन्तर्गत वडा न. ३ मा संचालित श्री तामुङ आधारभूत विद्यालय मर्ज भइ हाललाई बालविकास कक्षा मात्र संचालनमा रहेकोमा बाल बिकास कक्षाका विद्यार्थी संख्या पनि कम भएको हुदाँ उक्त विद्यालयमा कार्यरत कार्यालय सहयोगी श्री चमेली नेपाली लाई यस बन्दीपुर गाउँपालिका अन्तर्गत वडा न.१ मा संचालित श्री बिष्णु माध्यमिक विद्यालयमा सरुवा गर्ने शिक्षा समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो। (२.) बन्दीपुर गाउँपालिका अन्तर्गत वडा न. २ मा संचालित श्री भानु माध्यमिक विद्यालयको माध्यमिक तह तृतीय, बिज्ञान विषयका स्थायी शिक्षक श्री ऋषिराम ढकाललाइ लाई बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकाको बैठकको निर्णयबाट श्री बिष्णु माध्यमिक विद्यालय बन्दीपुर-२ मा कामकाज खटाएकोमा हाल निज शिक्षक श्री ऋषिराम ढकाललाई साबिक कै विद्यालय श्री भानु माध्यमिक विद्यालयमा बन्दीपुर-१ मा काज फिर्ता गर्ने शिक्षा समितिको निर्णय अनुमोदन गर्ने निर्णय गरियो। |
| १४. | सेतो गुराँस बालविकास कार्यक्रम सँचालन सम्बन्धमा। | बन्दीपुर गाउँपालिकाको चालु आ.व.२०८२/०८३ को वजेट मा उल्लेखित सेतो गुराँस बालविकास कार्यक्रम शिर्षकमा विनियोजित रकम १०००००/- एक लाख बाट सो कार्यक्रम सञ्चालन लागि श्री सेतो गुराँस वाल विकास सेवा दमौली तनहुँ ले यस गाउँपालिकामा प्रस्ताव पेस गरेकाले निज संस्थाको प्रस्तावना स्वीकृत गरि कार्यक्रम संचालनका लागि कार्यादेश दिने निर्णय गरियो। |

प्रमुख प्रशासकीय अधिकृत

कार्यवाहक अध्यक्ष

| | | |
|---|---|---|
| १५. | उपभोक्ता समितिबाट संचालित योजनाहरुको म्याद सम्बन्धमा। | बन्दीपुर गाउँपालिकाको चालु आ.व.२०८२/०८३ मा उपभोक्ता समितिबाट संचालित योजनाहरुको म्याद निम्न बमोजिम थप गर्ने निर्णय गरियो।<br>(१) सेराटार बगैचा लामाचौर खोलामा हिम पाइप र बगैचामा नाला निर्माण योजनाको म्याद २०८२/१२/३० मा समाप्त भएकोले मिति २०८३/३/१० सम्म थप गर्ने निर्णय गरियो।<br>(२.) आ.व. २०८२/८३ मा बन्दीपुर गाउँपालिका वडा नं. ३ मा उपभोक्ता समितिबाट संचालित तपसिल बमोजिमका योजनाहरुको म्याद थप गर्ने निर्णय गरियो। (विवरण तालिका नं. २ मा संलग्न छ) |
| १६. | बन्दीपुर आबास कार्यक्रम। | बन्दीपुर गाउँपालिका वडा नं. १ बानियाटार निवासी अर्जुन थापाको घर निर्माण गर्नु नपर्ने भएको र वडा नं. १ कमला चालिसेको घर निर्माणमा विनियोजित रकमले नपुग्ने भएकोले उक्त रकम रु.१०००००/- एकलाख रुपैया निजको घर निर्माणलाई बिनियोजन गर्ने निर्णय गरियो। |
| १७. | कोल्ड स्टोरको म्याद थप तथा भुक्तानी सम्बन्धमा। | बन्दीपुर गाउँपालिका वडा नं. १ मा शित भण्डार निर्माणका लागि (Construction of Cold Store BRM/BLDG/०२/२०७७/०७८) यस कार्यालय र कुसुम कन्स्ट्रक्शन (पान नं. ६०२७१८५७८) बीच मिति २०७७ माघ ७ गते सम्झौता भई निर्माणको क्रममा विभिन्न समयमा म्याद थप भई आएकोमा मिति २०८२/०३/०३, मिति २०८२/०८/२९ र मिति २०८२/१०/२३ मा म्याद थप पश्चात निज फर्मले कार्यसम्पादन जमानतको म्याद थप पेश नगरेतापनि मिति २०८३/०१/१४ गते कार्यसम्पादन जमानत वापतको रकम बराबरको रकम १२,९५,८००।०० (रु. बाह्र लाख पञ्चानब्बे हजार आठ सय मात्र) यस कार्यालयको धरौटी खातामा दाखिला गरेकाले निज फर्मलाई म्याद थप गरि प्राविधिक मूल्याङ्कन बमोजिमको दोस्रो रनिङ्ग बिल वापतको रकम रु ३२,०५,६३०।६५ (बत्तिस लाख पाँच हजार छ सय तीस रुपैयाँ र पैसा पैसठ्ठी मात्र) भुक्तानी दिने निर्णय गरियो। |
| १८. | सर्वोच्च अदालत र तनहुँ जिल्ला अदालतका न्यायधिस आउदाको खर्च भुक्तानी सम्बन्धमा। | सर्वोच्च अदालत र तनहुँ जिल्ला अदालतका न्यायधिश आउदा बन्दीपुर स्थित हिल्स हेवन रेस्टुरेन्ट एण्ड गेष्टहाउसमा खाजा खाना र बास खर्च बापतको रकम रु.४५०००/-(पैचालिस हजार भुक्तानी गर्ने निर्णय गरियो। |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

गा.पा.अध्यक्ष

तालिका नं. १ (निर्णय नं. ३ सँग सम्बन्धित )

| क्र.सं. | ठेक्काको नाम | ठेक्काको विवरण (Contract ID) | म्याद कायम रहेको मिति (सम्म) | म्याद थप गरिने मिति (सम्म) | कैफियत |
|---|---|---|---|---|---|
| 1. | Construction Of Cold Store | BRM/BLDG/02/2077-078 | 2083/02/31 | 2083/06/30 | |
| 2. | Construction Of Access Road For Bandipur Industrial Village And Boundary Wall | BRM/NCB/WORKS/16/2081/082 | 2083/02/30 | 2083/06/30 | |

तालिका नं.२ (निर्णय नं. १५ सँग सम्बन्धित )

| क्र.स | योजनाको नाम | सम्पन्न मिति | थप्नु पर्ने मिति |
|---|---|---|---|
| १. | सालबोटे चिउरीबोट पदमा प्रा.वि | २०८३/०३/०५ | २०८३/०३/१० |
| २. | अर्चले बकेन धरादी मोटर मार्ग | २०८३/०२/३१ | २०८३/०३/१० |
| ३. | गहते देखी गाउँ सम्म पक्कि नाला | २०८३/०२/३१ | २०८३/०३/१० |
| ४. | लेडीखोल्सी कालिका मन्दिर बाटो ढलान एवम मर्मत | २०८३/०२/३१ | २०८३/०३/१० |
| ५. | सेराटार आप कटहर मोटर मार्ग | २०८३/०१/३१ | २०८३/०३/१० |
| ६. | मेडिकल बेलटार बाटो मर्मत | २०८३/०३/०५ | २०८३/०३/१० |
| ७. | सेराटार बगैचा लामाचौर खोलामा हिम पाइप र बगैचामा नाला निर्माण | २०८२/१२/३० (म्याद गुज्रेको) | २०८३/०३/१० |
| ८. | तामुङ आमा समुह | २०८३/०२/३० | २०८३/०३/१० |
| ९. | तामुङ देखी बाघखोर छबिसे मोटर मार्ग स्तरोन्नति | २०८३/०३/०५ | २०८३/०३/१० |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

गा.पा. अध्यक्ष